December 15th, 2025 Monday

प्रमुख समाचारहरुबाट

- राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि कर्नाटक, तमिलनाडु र तेलंगाना
- भ्रमणमा जानु हुनेछ।
- राष्ट्रपतिद्वारा पश्चिम बंगाल विधानसभाद्वारा पारित एक
- संशोधन विधेयक अस्वीकृत
- प्रधानमन्त्री नरेन्द्र मोदी तीन देशको भ्रमणका क्रममा अम्मान पुगेका
- छन्।
- भारतीय जनता पार्टीले,कांग्रेसले प्रधानमन्त्रीविरुद्ध आपत्तिजनक
- टिप्पणी गरिएको आरोप लगाएको छ ।
- केन्द्रीय नागरिक उड्डयन मन्त्री नायडूले सरकारले हवाई किरायामा
- कडा निगरानी राख्ने बताउनु भएको छ ।

राष्ट्रपति द्रौपदी मुर्मु-भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि कर्नाटक, तमिलनाडु र तेलंगाना भ्रमणमा सात दिनकोलागि जानु हुनेछ।भोलि राष्ट्रपति मुर्मुले कर्नाटकको मलावलीमा आदि जगदगुरु श्री शिवरात्रेश्वर शिवयोगी महास्वामीजीको एक हजार छ्यासट्ठीऔँ जयन्ती उत्सवको उद्घाटन गर्नेछिन् ।१७ तारिख उहाँले तमिलनाडुको भेल्लोरस्थित गोल्डन टेम्पलमा दर्शन र आरती गर्ने कार्यक्रम रहेको छ। राष्ट्रपति मुर्मुले यसै महिनाको १९ तारिख हैदराबादमा तेलंगाना पब्लिक सेवा आयोगद्वारा आयोजित सार्वजनिक सेवा आयोगका अध्यक्षहरूको राष्ट्रिय सम्मेलन उद्घाटन गर्नु हुनेछ ।यसैगरि ,२० तारिखमा राष्ट्रपति मुर्मुले हैदराबादमा 'भारतको शाश्वत ज्ञान शान्ति र प्रगतिको मार्ग' शीर्षकको सम्मेलनमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ। यो सम्मेलन ब्रह्मा कुमारी शान्ति सरोवरको २१औँ वार्षिक उत्सवको अवसरमा आयोजना गरिएको हो।

राष्ट्रपति – पश्चिम बंगाल संशोधन विधेयक अस्वीकृत

राष्ट्रपति द्रौपदी मुर्मुले पश्चिम बंगाल विधानसभाद्वारा पारित एक संशोधन विधेयक अस्वीकृत गर्नुभएको छ। उक्त विधेयकले राज्यका विश्वविद्यालयहरूमा राज्यपालको सट्टा मुख्यमन्त्रीलाई चान्सलरको रूपमा नियुक्त गर्ने प्रस्ताव गरेको थियो। कोलकातास्थित राज्यपालको कार्यालयबाट प्राप्त जानकारी अनुसार, राज्यपाल डा. सी.भी. बोसले उक्त विधेयकलाई राष्ट्रपति विचारका लागि २० अप्रेल २०२४ मा पेश गरेका थिए । यसैगरी, अलिया विश्वविद्यालय सम्बन्धी अर्को संशोधन

विधेयक, जसले चान्सलरको रूपमा राज्यपालको सट्टा मुख्यमन्त्रीलाई नियुक्त गर्ने प्रस्ताव गरेको थियो, त्यसलाई पनि राष्ट्रपतिद्वारा अस्वीकृत गरिएको छ।

प्रधानमन्त्री – विदेश भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी जोर्डन, इथियोपिया र ओमानका तीन देशको भ्रमणमा अम्मान पुग्नु भएको छ । प्रधानमन्त्री मोदी जोर्डनमा किङ अब्दुल्ला द्वितीय बिन अल हुसैनको निमन्त्रणामा पुगेका हुन्। प्रस्थानअघि प्रधानमन्त्री मोदीले बताउनु भए अनुसार भ्रमणको पहिलो चरणमा उहाँले किङ अब्दुल्ला र जोर्डनका प्रधानमन्त्री जाफर हसनसँग विस्तृत छलफल गर्नु हुनेछ । श्री मोदी अम्मानमा बसोबास गर्ने भारतीय समुदायसँग पनि भेट्ने कार्यक्रममा सहभागी हुनुहुनेछ । यस भ्रमणले दुवै देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५औँ वार्षिक उत्सवको अवसरलाई चिह्नित गर्नेछ। अम्मानबाट प्रधानमन्त्री मोदी भोलि इथियोपियाको राजधानी अदीस अबाबा जानु हुनेछ । त्यहाँ , उहाँले इथियोपियाका प्रधानमन्त्री डा. अबी अहमद अलीसँग विस्तृत छलफल गर्नुहुनेछ साथै भारतीय प्रवासीहरूसँग भेटघाट गर्ने र संसदको संयुक्त अधिवेशनलाई सम्बोधन पनि गर्नु हुनेछ ।

पीएम- भाजपा–कांग्रेस

भारतीय जनता पार्टीले आज कंग्रेसमाथि तीव्र आक्रमण गर्दै हिजो नयाँ दिल्लीमा भएको कंग्रेसको र्‍यालीको क्रममा प्रधानमन्त्रीविरुद्ध आपत्तिजनक टिप्पणी गरिएको आरोप लगाएको छ। केन्द्रीय मन्त्री तथा जेडीयूका वरिष्ठ नेता राजीव रञ्जनले उक्त टिप्पणीले कांग्रेसको मानसिकता र संस्कृतिलाई झल्काउने बताएका छन्।
संसद परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले विपक्षी दल जनताको विश्वास जित्न असफल भएको र त्यसै कारण यस्ता निराधार आरोप लगाइरहेको दाबी गर्दै भन्नुभयो ।

राज्यसभा – हवाई किराया

केन्द्रीय नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले सरकारले हवाई किरायामा कडा निगरानी राख्न नागरिक उड्डयन महानिदेशालय अन्तर्गतको ट्यारिफ निगरानी इकाइलाई थप सुदृढ बनाउने बताउनु भएको छ। आज राज्यसभामा प्रश्नकालका क्रममा पूरक प्रश्नहरूको उत्तर दिँदै मन्त्री नायडूले घरेलु उडानसँगै अब अन्तर्राष्ट्रिय उडानको किरायामा पनि निगरानी भइरहेको जानकारी दिनुभयो ।

उहाँले भन्नु भयो....
उहाँले हवाई किरायामा अत्यधिक वृद्धि भएमा मन्त्रालयले आवश्यक सबै कदम चालिरहेको स्पष्ट पार्नुभयो। केन्द्रीय मन्त्रीले हालै भएको इन्डिगो संकटका क्रममा ठूलो संख्यामा नियमित उडानहरू रद्द

गर्नुपरेको उल्लेख गर्दै मन्त्रालयले हस्तक्षेप गरी हवाई किरायामा सन्तुलन कायम राखेको बताउनुभयो।

अष्ट्रेलिया- गोलीबारी

सिड्नीको बोंडी बीचमा हिजो राति भएको घातक सामूहिक गोलीबारीपछि अष्ट्रेलियाका नेताहरूले आज बसेको नेसनल क्याबिनेट बैठकमा बन्दुकसम्बन्धी कठोर कानुन बनाउने विषयमा निर्णायक कदम चाल्ने सहमति जनाएका छन्।

प्रधानमन्त्री एन्थोनी अल्बानीजले जारी गरेको विज्ञप्तिमा आफू र अष्ट्रेलियाका राज्य तथा क्षेत्रीय नेताहरूले आपत्कालीन बैठकमार्फत बन्दुक कानुन सुधारका लागि कठोर, निर्णायक र केन्द्रित कदम चाल्ने निर्णय गरेको जानकारी दिनुभएको छ।

यसैबीच, अधिकारीहरूले हिजो साँझ यहूदी पर्व हनुक्काको पहिलो दिनको अवसरमा आयोजित कार्यक्रममा लक्षित गरी गरिएको गोलीबारीमा १६ जनाको मृत्यु भएको पुष्टि गरेका छन्।

पूर्व सांसदको निधन

राम मन्दिर आन्दोलनका प्रमुख व्यक्तित्व तथा पूर्व सांसद डा. रामविलास दास वेदान्तीको मध्यप्रदेशको रीवा जिल्लास्थित एक अस्पतालमा उपचारका क्रममा निधन भएको छ। मुख्यमन्त्री योगी आदित्यनाथले शोक व्यक्त गर्दै दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको पोस्टमा मुख्यमन्त्रीले डा. रामविलास वेदान्तीको निधन आध्यात्मिक जगत् तथा सनातन संस्कृतिका लागि अपूरणीय क्षति भएको उल्लेख गर्नुभएको छ।

राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी.पी. राधाकृष्णन-स्क्वस

राष्ट्रपति द्रौपदी मुर्मु र उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज भारतको स्क्वस टोलीलाई पहिलो पटक स्क्वस विश्वकप जित्न सफल भएकोमा बधाई दिनुभएको छ। सामाजिक सञ्जालमार्फत राष्ट्रपति मुर्मुले महिला र पुरुष खेलाडीहरू सम्मिलित उक्त टोलीले उत्कृष्ट प्रदर्शन गर्दै देशलाई गौरवान्वित बनाएको उल्लेख गर्नुभएको छ।

यसैबीच, उपराष्ट्रपति सी.पी. राधाकृष्णनले यो ऐतिहासिक उपलब्धिले राष्ट्रका लागि गर्वको क्षण सिर्जना गरेको बताउँदै खेलाडीहरूको असाधारण सीप, समर्पण र दृढताप्रति प्रशंसा गर्नुभयो।

प्रमुख समाचार पुनः एक पटकः

- राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि कर्नाटक, तमिलनाडु र तेलंगाना
- भ्रमणमा जानु हुनेछ।
- २.राष्ट्रपतिद्वारा पश्चिम बंगाल विधानसभाद्वारा पारित एक
- संशोधन विधेयक अस्वीकृत
- प्रधानमन्त्री नरेन्द्र मोदी तीन देशको भ्रमणका क्रममा अम्मान पुगेका
- छन्।
- भारतीय जनता पार्टीले कांग्रेसले प्रधानमन्त्रीविरुद्ध आपत्तिजनक टिप्पणी गरिएको आरोप लगाएको छ ।
- ५ केन्द्रीय नागरिक उड्डयन मन्त्री नायडूले सरकारले हवाई किरायामा कडा निगरानी राख्ने बताउनु भएको छ ।